नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद व्यवस्थापन शाखा)

पत्र संख्या : ०७९/०८०

चलानी नं. : ९२२

मितिः २०७९/०९/२६

श्री जिल्ला समन्वय समिति, (सबै),

श्री महानगर/उपमहानगर/नगरपालिका, (सबै)

श्री गाउँपालिका, (सबै) ।

**विषयः भूकम्प सुरक्षा दिवस, २०७९ मनाउने सम्बन्धमा।**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. ६१५, मिति २०७९/०९/२४ को पत्र मार्फत भूकम्प सुरक्षा दिवस २०७९ मनाउने सम्बन्धमा मिति २०७९/०९/१४ मा बसेको भूकम्प सुरक्षा दिवस २०७९ मूल समारोह समितिको निर्णय ( पाना नं ३ ) छायाँ प्रति यसैसाथ संलग्न छ ।भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको निर्णय नम्बर ५ र ६ तहाँ सँग सम्बन्धित रहेकोले सोको कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ।

२०७९/९/२६

(सन्तोष कुमार खत्री)

शाखा अधिकृत

**बोधार्थ:**

श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाण्डौं,

श्री सूचना तथा प्रविधी शाखा, संघीय मामिला तथा सामान्य मन्त्रालय, (वेभसाईटमा अपलोड गरिदिनुहुन) ।

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ४२००४८२

email: cdms.mofaga@gmail.com, env.disaster.mgmt.section@mofaga.gov.np, website: http://www.mofaga.gov.np

योजना । म

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्याः २०७९।०८०

चलानी नं.: ६१५

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: २२८६
दर्ता मितिः ९/२५

मिति २०७९।०९।२४

विषय : २५औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस, २०७९ मनाउने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा २५औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस, २०७९ भव्यताका साथ मनाउनका लागि भूकम्प सुरक्षा दिवस मूलसमारोह समितिका संयोजक तथा माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेज्यूको अध्यक्षतामा मिति २०७९।०९।१८ गते बसेको भूकम्प सुरक्षा दिवस, २०७९ को बैठकको निर्णय नं. ५ र ६ तहाँ मन्त्रालय मार्फत कार्यान्वयन गर्न उक्त निर्णयको छाँयाप्रति पाना ३(तिन) यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**बोधार्थः**
माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यूको सचिवालय,
गृह मन्त्रालय, सिंहदरवार ।

(गंगा सुवेदी भट्टराई)
शाखा अधिकृत

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ३२०
दर्ता मितिः २०७९।०९।२५
समयः

# २५औं भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको मिति २०७९ पौष १८ गते बसेको बैठकका निर्णयहरु

<u>निर्णय नं. १:</u> २५औ भूकम्प सुरक्षा दिवस, २०७९, मूल समारोहको कार्यक्रम काठमाडौ महानगरपालिकाले तोकेको स्थानमा आयोजना गर्ने।

<u>निर्णय नं. २:</u> २५औ भूकम्प सुरक्षा दिवस २०७९ को मूल समारोहमा प्रमुख अतिथिका रुपमा आतिथ्यताका लागि सम्माननीय प्रधान मन्त्रीज्यूलाई अनुरोध गर्ने।

<u>निर्णय नं. ३:</u> भूकम्प सुरक्षा दिवस, २०७९ को लागि प्रस्तावित विभिन्न नाराहरु उपर छलफल गर्दा बैठकमा प्राप्त सुझावहरुका आधारमा भूकम्प सुरक्षालाई केन्द्रितगरी भूकम्प सुरक्षा दिवस, २०७९ को नारा देहायबमोजिम तय गर्ने निर्णय गरियो: "भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार"।

<u>निर्णय नं. ४:</u> भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ को व्यवस्था बमोजिम काठमाडौं महानगरपालिकाको संयोजकत्वमा व्यवस्थापन उप-समिति र सहरी विकास तथा भवन निर्माण विभागको संयोजकत्वमा प्रचार प्रसार उप-समिति गठन गर्ने, उक्त मार्गदर्शन अनुसार दुबै उप-समितिहरुमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) ले सदस्य सचिवको रुपमा कार्य गर्ने र दुबै उप-समितिहरुले २५ औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने।

<u>निर्णय नं. ५:</u> २५ औ भूकम्प सुरक्षा दिवसको नारा सहितको पोष्टर लगायतका सामग्री मुलुकभरका सार्वजनिक तथा विद्यालयहरूमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत उपलब्ध गराई भूकम्प सम्बन्धी चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने। स्थानीय तहमा शिक्षक तथा बिद्यार्थीहरु समेतको सहभागितामा भूकम्प सुरक्षा दिवस, २०७९ विद्यालयस्तरमा समेत मनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्थानीय तहहरुलाई अनुरोध गर्ने। साथै सो दिन सम्भव भएसम्म प्रत्येक स्थानीय तहका विद्यालयहरूसँग भूकम्प सुरक्षा विषयमा कक्षा सञ्चालन साथै कृत्रिम घटना अभ्यास (Simulation) गर्ने व्यबस्था मिलाउने।

<u>निर्णय नं. ६:</u> प्रदेशस्तर र पालिकास्तरमा विभिन्न कार्यक्रमहरु सहित २५औ भूकम्प सुरक्षा दिवस, २०७९ मनाउनका लागि सबै प्रदेश सरकारहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत, जिल्ला प्रशासन कार्यालयहरुलाई गृह मन्त्रालय मार्फत र जिल्ला समन्वय समिति एवं स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार गर्ने ।

<u>निर्णय नं. ७:</u> सातै प्रदेशका राजधानीहरुमा समारोह सहित २५औ भूकम्प सुरक्षा दिवस, २०७९ मनाउनका लागि प्रदेश सरकारलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत पत्राचार गर्ने।

<u>निर्णय नं. ८:</u> उपत्यकाभित्र र बाहिरका उद्योगहरु मध्ये कम्तिमा कुनै एक/एक उद्योगमा भूकम्पीय जोखिम न्यूनीकरण तथा सुरक्षित संरचना निर्माण सम्बन्धी सचेतना कार्यक्रम साथै पूर्वाभ्यास (Simulation) कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनका लागि उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयलाइ अनुरोध गर्ने।

उप-प्रधानमन्त्री तथा गृह मन्त्री

<u>निर्णय नं. ९:</u> भूकम्प सुरक्षा दिवस, २०७९ का विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरणबाट गत वर्ष झै यस वर्षपनि रु ४,००,०००।– (चार लाख रुपैया मात्र) भूकम्प सुरक्षा दिवस, मुल समारोह समितिका सदस्य सचिव भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) लाई उपलब्ध गराउने, सो खर्चको नियमानुसार फरफारकका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले प्राधिकरणलाई आवश्यक कागजात सहित सम्पूर्ण विवरणहरु उपलब्ध गराउने।

<u>निर्णय नं. १०:</u> भूकम्प सुरक्षा दिवस, २०७९ का उपलक्ष्यमा निम्न बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरु निम्म समयमा निम्न निकायहरुले संचालन गर्ने र यसका अतिरिक्त संघ, प्रदेश, जिल्ला एवं स्थानीय तहमा भूकम्प सुरक्षा दिवस मार्गदर्शनमा उल्लेख भएका अन्य सान्दर्भिक कार्यक्रमहरु समेत आयोजना गर्न सकिने।

| क्र.सं. | कार्यक्रमहरु | मिति२०७९ | | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| क | २५औं भूकम्प सुरक्षा दिवसको देशव्यापी प्रचारप्रसार | | | |
| १ | राष्ट्रिय दैनिक छापा तथा अनलाइन अखवारहरुमा भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी लेख रचना प्रकाशन | पौष २५ | माघ १६ | प्रचाप्रसार उपसमिति |
| २ | भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माण सम्बन्धी डिजिटल प्रचारप्रसार सामग्रीहरु स्थानीय तहका कार्यालयहरुमा वितरण | पौष २६ | पौष ३० | प्रचारप्रसार उपसमिति |
| ३ | २५औं भूकम्प सुरक्षा दिवस पत्रकार सम्मेलन | पौष २८ | | प्रचारप्रसार उपसमिति |
| ४ | आमसञ्चार माध्यमहरुबाट भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माण सम्बन्धी सार्वजनिक सन्देशहरु प्रसारण | पौष २८ | माघ ५ | प्रचारप्रसार उपसमिति |
| ५ | रेडियो तथा टेलिभिजनबाट भूकम्पीय जोखिम न्यूनीकरण सम्बन्धी परिसम्वाद अन्तरक्रिया कार्यक्रमहरुको प्रसारण | पौष २८ | माघ ५ | प्रचारप्रसार उपसमिति |
| ६ | २५औं भूकम्प सुरक्षा दिवस राष्ट्रिय समितिका सभापति माननीय गृहमन्त्रीज्यूबाट रेडियो सन्देश (रेडियो नेपालबाट) | माघ २ | | प्रचारप्रसार उपसमिति |
| ७ | रेडियो नेपालबाट २५औं भूकम्प सुरक्षा दिवस मुल समारोहस्थलबाट प्रत्यक्ष प्रसारण | माघ २ | | प्रचारप्रसार उपसमिति |
| ख | काठमाडौं उपत्यका भित्र गरिने राष्ट्रिय कार्यक्रमहरु | | | |
| १ | भूकम्प स्मृति सभा, भूगोलपार्क काठमाडौं | माघ २ | | काठमाडौं महानगरपालिका |
| २ | भूकम्प स्मृति सभा, पाटन दरबार क्षेत्र, ललितपुर | माघ २ | | ललितपुर महानगरपालिका |
| ३ | भूकम्प सुरक्षा दिवस "मूलसमारोह" हनुमान दरबार क्षेत्र, काठमाडौं | माघ २ | | मूल समारोह समिति, व्यवस्थापन उपसमिति |
| ४ | भूकम्प सुरक्षा प्रदर्शनी | माघ २ | माघ ३ | भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल |
| ५ | २५औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ २ | माघ १२ | शहरी विकास तथा भवन निर्माण विभाग |
| ६ | २५औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू: आगामी माघ २ गते हनुमानढोका दरबार क्षेत्रमा मुल समारोहको कार्यक्रमस्थलमा नेपाली सेनाबाट भूकम्प सम्बन्धी CSSR, MFR तथा Fire Fighting को आधुनिक उपकरण लगायत INSARAG MEDIUM TEAM को EQUIPMENT हरु प्रदर्शन र गर्ने, नेपाली सेनाले भूकम्पमा गरेका कार्यहरुको Flex Print मार्फत प्रदर्शनी गर्ने, १XRescue Team ले Earthquake Safety Drill अभ्यास देखाउनुको साथै १x Sniffer Dog समेत प्रदर्शनीमा राखी अभ्यास गराउने। | माघ २ | | नेपाली सेना |
| ७ | २५औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ | माघ | नेपाल प्रहरी |
| ८ | २५औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ | माघ | सशस्त्र प्रहरी बल, नेपाल |
| ८.१ | भूकम्प सुरक्षा सम्बन्धी नारा उल्लेख गरी बाहिनी /शिक्षालय/गण र गुल्मको गेट बाहिर सचेतनामूलक Flex Print/ब्यानर टाँस्ने । | पौष २८ | माघ ४ | |
| ८.२ | सम्पूर्ण स.प्र. कार्यालयहरुमा आन्तरिक रुपमा भूकम्प सुरक्षा सम्बन्धी कक्षा संचालन गर्ने। | पौष २९ | माघ४ | |

| क्र.सं. | कार्यक्रमहरु | मिति२०७९ | | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| ८.३ | बाहिनी/ प्रशिक्षालय/गण र गुल्मले स्थानीय क्लब, स्कुल, सम्दायमा जनचेतनामूलक कार्यक्रम गर्ने। | पौष २९ | माघ ४ | |
| ८.४ | सम्पूर्ण वाहिनीहरुले विपद् व्यवस्थापन सम्बन्धी प्रतिकार्य अभ्यास गर्ने। | माघ २ | माघ ४ | |
| ९ | २५औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ | माघ | नेपाल रेडक्रस |
| १० | २५औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ | माघ | डिपिनेट |
| ११ | भूकम्पीय सुरक्षा सम्बन्धी राष्ट्रिय गोष्ठी (25th National Symposium on "Earthquake Risk Reduction and Management in Nepal") | माघ ११ | माघ १२ | शहरी विकास तथा भवन निर्माण विभाग, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल |
| ग | प्रदेश, जिल्ला र पालिकाहरूमा आयोजना हुने कार्यक्रमहरु | | | |
| १ | ७ प्रदेशहरूमा २५औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ | माघ | प्रदेश सरकारहरू |
| २ | ७७ जिल्ला सदरमुकामहरूमा २५ औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ | माघ | नेपाल सरकार, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरु |
| ३ | स्थानीय तहहरुमा २५ औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ | माघ | स्थानीय तहहरू |
| घ | बिभिन्न संघ संस्थाहरू र सरोकारवालाबाट बिभिन्न स्थानमा आयोजना हुने कार्यक्रमहरु | | | |
| १ | २५औं भूकम्प सुरक्षा दिवसका कार्यक्रमहरू | माघ | माघ | सम्बन्धीत संस्थाहरू |

निर्णय नं. ११: भूकम्प सुरक्षा दिवस, २०७९ का उपलक्ष्यमा आयोजना हुने विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाई २५औं भूकम्प सुरक्षा दिवस, २०७९ भव्यताका साथ मनाउन नागरिक समाज, संयुक्त राष्ट्र संघीय निकायहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सस्थाहरु, सामुदायिक संस्थाहरु, सञ्चार माध्यम, निजी क्षेत्र लगायत सबैलाई सहभागिता तथा साझेदारीका लागि आव्हान गर्ने।

निर्णय नं. १२: हालसम्म भूकम्प सुरक्षाका लागि गरिएका कार्यक्रमहरुको प्रभावकारिताका सम्बन्धमा प्राधिकरणले समीक्षा गरी गृह मन्त्रालयमा प्रतिवेदन उपलब्ध गराउने।

निर्णय नं. १३: प्राधिकरणले भूकम्पीय पूर्वचेतना प्रणालीको सम्भाव्यता अध्ययन गर्ने, गराउने। खानी तथा भूगर्भ विभागले हाल गरिरहेको भूकम्प मापनको कार्यलाई जनचेतना जगाउने गरी निरन्तरता दिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई अनुरोध गर्ने।

उप-प्रधान ... 